मिति २०७६।०३।०३

३४औं बैठक

आज मिति २०७६।०३।०३ गते मङ्गलबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको अस्थायी सम्पर्क कार्यालय मेघेचौरमा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | अर्जुन खडका | सदस्य सचिव | |

निर्णय नं (१) एम्बुलेन्स सेवा सञ्चालन गर्ने सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाको एम्बुलेन्स बाट आन्तरिक तर्फ (बैतेश्वर गाउँपालिका भित्र) सञ्चालन गर्दा तपशील बमोजिमको शुल्क लिने निर्णय गरियो।

तपशील

१. वडा नं १, २, ३, ७ र ८ बाट मैनापोखरी अस्पताल सम्म एकतर्फी बिरामी ल्याउँदा रु १०००।- शुल्क लिने निर्णय गरियो।

२. वडा नं ४, ५ र ६ बाट मैनापोखरी अस्पताल सम्म एकतर्फी बिरामी ल्याउँदा रु ५००।- शुल्क लिने निर्णय गरियो।

निर्णय नं २ गाउँपालिका स्तरीय दररेट सम्बन्धमा छलफल गर्दा यस गाउँपालिका भित्रको दररेट निर्धारण आ.व. २०७५।०७६ मा तपशील बमोजिमको वस्तु एवं सेवाको गाउँपालिकाको स्थानीय दर रेट निर्धारण सिफारिस समिति गठन गर्ने।

तपशील

१. इन्जिनियर – संयोजक
२. लेखा – सदस्य
३. योजना – सदस्य
४. वन प्राविधिक – सदस्य
५. उद्योग वाणिज्य – सदस्य
६. निर्माण व्यवसायी – सदस्य
७. कृषि शाखा – सदस्य
८. स्वास्थ्य शाखा – सदस्य

कार्य जिम्मेवारी

१. समितिको बैठक बसी असार मसान्त भित्र स्थानिय दर रेटको सिफारिस गर्नुपर्ने।
२. दर रेट निर्धारण गर्दा केन्द्र, प्रदेश, जिल्ला एवं स्थानिय बजार मुल्यको आधारमा तयार गर्नुपर्ने।

**निर्णय नं (३)** निकासी जन्य ढत्थर - पत्थर (गिट्टी बालुवा) संकलन तथा निकासी सम्बन्धमा छलफल गर्दा आ.व. २०७७।०७८ को आन्तरिक आय तर्फको गाउँपालिका भित्र उत्खनन, संकलन एवं निकासी जन्य ढत्थर - पत्थरको बोलपत्रद्वारा ठेक्का आह्वान गर्नुपर्ने भएकाले प्रदेश कानुन एवं IEE Report बमोजिम लागत अनुमान स्वीकृत गरी प्रक्रिया अगाडी बढाउन र सार्ने बगर, कुरकुरे बगर भित्र रहेको गिट्टी बालुवा संकलन गर्ने प्रयोजनको लागी IEE को प्रक्रियालाई अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृत लाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं (४)** उत्कृष्ट विद्यालयलाई पुरस्कृत गर्ने सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाको शिक्षा इकाई बाट पेश हुन आएको उत्कृष्टताको आधार बमोजिम तपशिलका विद्यालयलाई तपशिलको पुरस्कार प्रदान गर्ने निर्णय गरियो।

तपशिल

१. हनुमन्तेश्वर मा.वि. काप्रे रु ३ लाख
२. क्षेत्रवती मा.वि. क्षेत्रपा रु २ लाख
३. नवज्योति मा.वि. गौरीमुडी रु १ लाख ५० हजार

निर्णय नं (५) विद्यालयलाई अनुदान दिने सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाको चौथो गाउँसभा बाट अध्यक्ष कपमा विनियोजन भएको ४ लाख मध्ये बाट १ लाख रकम पुँजीगत तर्फ खर्च गर्नेगरी श्री कुस्ती आधारभुत विद्यालय, कुस्ती लाई अनुदान स्वरूप १ लाख रकम प्रदान गर्न आवश्यक देखिएकोले यो पारित गर्न पाँचौं गाउँ सभाको बैठकमा अनुरोध गर्न र श्री कुस्ती आधारभुत विद्यालय, कुस्ती लाई उक्त रकम रु १ लाख सार्वजनिक खरीद ऐन नियम र अन्य कानुन बमोजिम खर्च गरी सोको आर्डर सम्म गर्ने गराउने जिम्मेवारी तोकी कार्य प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृत लाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं (६) पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान शीर्षकमा छलफल गर्दा यस आ.व.को पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान शीर्षकमा विनियोजन भएको रु ६,५०,०००/- (छ लाख पचास हजार) बैतेश्वर मा.वि. नाम्दुलाई प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं (७) आगामी आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम तर्जुमा को विषयमा छलफल गर्दा आ.व. ०७५/०७६ को स्रोत अनुमान गरी प्रत्येक वडाहरूलाई रु- ४० लाख बराबरको रकमको परिधिभित्र रही आ.व. ०७५/०७६ को लागी विषयगत क्षेत्र समेटेर गरी विषयगत समितिमा पठाउने निर्णय गरियो।

निर्णय नं (८) भैरापोखरी बगर सडकको कार्य क्षेत्र तथा मुकामी सम्बन्धमा छलफल गर्दा उक्त सडक निर्माण गर्न रु १२,०००००/- (बाह्र लाख) विनियोजन भएकोमा उक्त सडकको कार्यक्षेत्र भैरापोखरी बगर देखी बैतेश्वर गाउँपालिकाको अध्याई

सम्पर्क कार्यालय मैधेचौं सम्म रहने, सो क्षेत्र भित्र आवश्यकताको आधारमा स्तर उन्नती गर्ने र स्तर उन्नती भएको कार्य प्रगतिको आधारमा उपभोक्ता समूहलाई भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. (८) आगामी बैठक मिति २०७७।०३।०८ गते बिहान ८:०० बजे गाउँपालिकाको कार्यालयमा बस्ने निर्णय गरियो।